# शान्ति अनुगमन सँगालो



युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति
बबरमहल, काठमाडौं
National Monitoring Committee on
Code of Conduct for Ceasefire (NMCC)
Babarmahal, Kathmandu

# शान्ति अनुगमन सँगालो

युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति
बबरमहल, काठमाडौं

**प्रकाशन सहयोग**
शान्ति सचिवालय
सिंहदरबार, काठमाडौं

# विषयसूची

**विषय** **पेज नं.**

मन्तव्य

| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. उद्देश्यहरु | ३ |
| ३. समितिको बनोट | ४ |
| ४. युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार | ४ |
| ५. शान्ति दस्तावेजहरु | ८ |
| ५.१. नेपाल कम्युनिष्ट पार्टी माओवादी र सात राजनैतिक दल बीच भएको १२ बुँदे समझदारी पत्र | ८ |
| ५.२. सात राजनीतिक दल र नेकपा माओवादी बीच भएको दोस्रो समझदारी पत्र | १४ |
| ५.३. श्री ५ ज्ञानेन्द्रको बैशाख ११, २०६३ को संबोधन | १७ |
| ५.४. २०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा, २०६३ | १८ |
| ५.५. नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३/२/१२ मा गोकर्णमा सहमति भएको युद्धविराम आचारसंहिता | २४ |
| ५.६. नेपाल सरकार र नेकपा (माओवादी) बीच कुपण्डोलमा सम्पन्न सहमति | २९ |
| ५.७. नेपाल सरकार र नेकपा (माओवादी) बीच प्रधानमन्त्री निवास, वालुवाटारमा सम्पन्न तेस्रो वार्ताको सहमति | ३२ |
| ५.८. शीर्ष नेताहरुको ८ बुँदे सहमति (प्रेश वक्तव्य) | ३३ |
| ६. युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३ | ३७ |
| ७. सुचना तथा गुनासो लेख्ने ढाँचा | ४४ |
| ८. समितिका संयोजक एवं सदस्यहरु | ४६ |

## १. पृष्ठभूमि

आम नेपाली जनता दश बर्ष लामो गृहयुद्धको कठिन यात्राबाट गुज्रिएर अनगिन्ती पाठहरु सिक्दै परिवर्तन, विकास र दीगो शान्तिका लागि लोकतन्त्र पक्षधरहरुको एकता नै सबैभन्दा ठूलो अस्त्र हुन सक्छ भन्ने निश्कर्षमा पुगेपछि नेपालीको यही आकांक्षालाई सम्मानपूर्वक आत्मासाथ गर्दै सात राजनैतिक दल र नेकपा (माओवादी) बीच २०६२ साल मंसिर १२ गते १२ बुँदे समझदारी सम्पन्न भई राष्ट्रिय एकता र शान्तिप्रतिको प्रतिवद्धताको पहिलो ऐतिहासिक कदम चालियो। नेपाली जनताको चाहनालाई प्रतिविम्बित गरेको उक्त समझदारीको परिणाम स्वरुप देशको कुना कुनाबाट जागरुक, महान नेपाली जनता परिवर्तन र स्थायी शान्तिका खातिर निरंकुशतन्त्र विरुद्ध लोकतान्त्रिक आन्दोलनमा होमिए। फलस्वरुपः विश्वकै अभूतपूर्व घटनाका रुपमा १९ दिन लामो शान्तिपूर्ण जनआन्दोलनले निरंकुशतन्त्रलाई झुक्न बाध्य पाऱ्यो। र, संसदको पुनर्स्थापना सहित सात राजनैतिक दलको संयुक्त सरकार गठन भयो। तत् पश्चात सात राजनैतिक दल र नेकपा (माओवादी) तथा नेपाल सरकार र नेकपा (माओवादी) वीच शान्ति र अग्रगमन प्रति प्रतिबद्ध हुँदै २५ बुँदे युद्धविराम आचारसंहिता एवं आठ बुँदे वालुवाटार सहमति लगायतका विभिन्न समयमा विभिन्न सहमतिहरु सम्पन्न भइसकेका छन्। यिनै सहमतिहरुको कार्यान्वयनको अनुगमन गर्न २०६३ असार १ गते सम्पन्न दुई पक्षीय वार्ताले यस **"युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति"** को गठन गर्ने निर्णय गरेको हो।

२०६३ साल असार १२ गते सम्पन्न नेपाल सरकार र नेकपा (माओवादी) का वार्ता टोलीका सदस्यहरुको संयुक्त बैठकले अनुमोदन गरेको समितिको कार्यक्षेत्र र अधिकारको दशौं बुँदामा “राष्ट्रिय अनुगमन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने । सो कार्यविधिको अनुमोदन दुवै पक्षको वार्ता टोलीले गर्ने ।” उल्लेख भए अनुसार समितिले आफ्नो कार्यविधि तयार गरी दुवै वार्ता टोली समक्ष अनुमोदनका निम्ति मिति २०६३/३/१८ मा पठाएकोमा मिति २०६३/३/२१ मा युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३ अनुमोदन भएको छ ।

काठमाडौं स्थित बबरमहलको पहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहेको भवनमा आफ्नो कार्यालय खडा गरी क्रियाशिल रहेको यस समितिले आफ्ना सदस्यहरुको विभिन्न टोलीहरु गठन गरी उजुरी, गुनासा तथा सूचनाहरुको आधारमा देशभरिका सम्बन्धित ठाउँहरुमा स्थलगत भ्रमण गरेर सत्यतथ्य छानवीन गरी समय समयमा प्रतिवेदन दिने एवं आचारसंहिताको पालनाका लागि सम्बन्धित पक्षलाई दवाव दिने कार्य गर्नेछ ।

## २. उद्देश्यहरु

नेपाल सरकार र नेकपा माओवादी बीच २०६३ असार १ गते कुपण्डोलमा सम्पन्न दोश्रो चरणको वार्तामा यस समितिको गठन गर्न भएको सहमतिको बुँदामा "सात राजनैतिक दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र नेपाल सरकार र नेकपा (माओवादी) बीच मिति २०६३/२/१२ मा भएको युद्धविराम आचारसंहिताको कार्यान्वयनको अनुगमन गर्न . . . " भन्ने वाक्यांश उल्लेख भएकाले यसैलाई समितिको प्रमुख उद्देश्य मान्नुपर्ने हुन्छ । यसको अतिरिक्त समितिको कार्यक्षेत्र समेतलाई दृष्टिगत गर्दा यसका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१. आचारसंहिता एवं विभिन्न सहमतिहरुमा उल्लेखित विषयहरुको पालना भए नभएको बारे अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिनु एवं पालना गर्न लगाउनु ।
२. कुनै पक्षबाट आचारसंहिताको उल्लंघन भएको पाइए वा त्यसो भएको भन्ने कुनै उजुरी, सूचना वा जानकारी प्राप्त भएमा छानवीन र अनुसन्धान गरी सहमतिमा समस्याको समाधान गर्ने प्रयास गर्नु ।
३. अनुसन्धान, छानवीन र सहमतिको आधारमा समाधान वा सुझाव सम्बन्धी प्रतिवेदन दुवै पक्षका प्रतिनिधिहरु रहेको संयुक्त समिति समक्ष पेश गर्नु ।

## ३. समितिको बनोट

यस युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको बनोट नेपाल सरकार र ने.क.पा. माओवादी बीच २०६३ साल असार १ गते कुपण्डोलमा सम्पन्न दोस्रो चरणको वार्तामा भएको सहमतिको दोस्रो बुँदामा उल्लेख भए अनुरुप रहनेछ ।

## ४. युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार

नेपाल सरकार तथा ने.क.पा. (माओवादी) बीच सहमति भई मिति २०६३ असार १ गते गठन भएको राष्ट्रिय अनुगमन समितिको कार्यक्षेत्र र अधिकार निम्नानुसार कायम गर्न नेपाल सरकार तथा ने.क.पा. (माओवादी) सहमत भएका छन्:-

१. २०६३ जेष्ठ १२ गते सरकारी वार्ताटोली र माओवादी वार्ताटोली बीच सहमति भै तयार गरिएको २५ बुँदे आचार संहितामा उल्लेखित विषयहरुको पालना भए नभएको बारे अन्तराष्ट्रिय मान्यता अनुसार अनुसन्धान तथा अनुगमन गरी दुवै पक्षलाई सुझाव दिने र कार्यान्वयन गर्न लगाउने ।
२. शान्ति प्रक्रियालाई प्रतिकूल प्रभाव पार्ने गरी कही कतैबाट हुने कुनै पनि प्रकारको अभिव्यक्ति तथा क्रियाकलापको अनुगमन गरी सुझाव दिने र कार्यान्वयन गर्न लगाउने ।
३. बुँदा नं. १ र २ अनुसार अनुगमन गर्दा मिति २०६२ मंसिर ७ गते सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीच

भएको बाह्रबुँदे समझदारी तथा मिति २०६३ असार २ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको आठ बुँदे सहमतिको भावना तथा भविष्यमा हुने सहमतिलाई समेत आधार बनाउने ।

४. अनुगमनको क्रममा युद्धविराम र त्यसको आचार संहिताको कुनै पक्षबाट उल्लंघन भएको छ भन्ने कुरा देखिएमा वा कुनै श्रोतबाट त्यस्तो सूचना वा जानकारी प्राप्त भएमा सो विषयमा तत्काल छानविन र अनुसन्धान गर्ने एवं आपसी सहमतिमा समस्या समाधान गर्न प्रयास गर्ने ।

५. अनुसन्धान र छानविन गर्ने क्रममा घटना घटेको जुनसुकै स्थान वा ठाउँमा विना अवरोध आवत जावत गर्ने, सम्बन्धित स्थानको स्थलगत निरीक्षण गर्ने, सोधपुछ गर्ने र प्रमाण संकलन गर्ने । यस कार्यका लागि दुवै पक्षले अनुगमन टोलीलाई सुरक्षाको प्रत्याभूति दिने ।

६. राष्ट्रिय अनुगमन समितिको प्रतिवेदन माथि छलफल गर्न कार्यान्वयन गराउन नेपाल सरकारको वार्ताटोली र नेकपा (माओवादी)को वार्ताटोलीले एक संयुक्त समिति गठन गर्ने ।

७. अनुसन्धान, छानविन र सहमतिको आधारमा समाधान वा सुझाव सम्बन्धी प्रतिवेदन नेपाल सरकार र ने.क.पा.(माओवादी) का प्रतिनिधिहरु रहेको उक्त संयुक्त समिति समक्ष प्रस्तुत गर्ने । यस्तो संयुक्त समिति नबनुन्जेल अनुगमन समितिले दिने सिफारिश तथा प्रतिवेदन अनुगमन समितिका संयोजक मार्फत दुवै पक्षका वार्ता टोलीका संयोजकलाई बुझाउने ।

अनुगमन सम्बन्धी आवधिक एवं अन्य प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक संचार माध्यमबाट प्रचार प्रसार गर्ने ।

८. अनुगमन समितिको प्रतिवेदन बुझ्ने र सो कार्यान्वयन गर्न गराउन गठन हुने संयुक्त समितिमा दुवै पक्षको सहमतिमा तय भए बमोजिम सदस्यहरु रहने । यस संयुक्त समितिले राष्ट्रिय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनहरु उपर छलफल गर्ने र कार्यान्वयनका विषयमा सहमति कायम गर्ने । संयुक्त समितिमा रहेका दुवै पक्षले आ-आफ्नो पक्षबाट प्रतिवेदनका सुझावहरु कार्यान्वयन गराउने । संयुक्त समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने ।

९. राष्ट्रिय अनुगमन समितिले आवश्यकता अनुसार उपसमितिहरु तथा स्थानीय अनुगमन टोलीहरु गठन गर्न सक्ने ।

१०.राष्ट्रिय अनुगमन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्ने । सो कार्यविधिको अनुमोदन दुवैपक्षको वार्तटोलीले गर्ने।

११.राष्ट्रिय अनुगमन समितिलाई नेपाल सरकारले आवश्यक पर्ने कार्यालय, प्रशासनिक, आर्थिक तथा अन्य साधन स्रोत उपलब्ध गराउने ।

१२.सबै राजनीतिक दलहरुका स्थानीय निकायहरु र मानव अधिकार वादी, नागरिक समाज लगायत सम्बद्ध सबै पक्षबाट अनुगमन कार्यमा सहयोग लिने ।

१३. मानव अधिकार सम्बद्ध विषयहरुको अनुगमनमा संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिने ।

१४.संविधान सभाको निर्वाचन पछि बन्ने संविधान लागु हुने मितिसम्म राष्ट्रिय अनुगमन समिति कार्यरत रहने ।

१५.राष्ट्रिय अनुगमन समितिको केन्द्रीय कार्यालय काठमाडौंमा रहने र नेपाल सरहदभित्र आवश्यकतानुसार अन्य कार्यालय स्थापना गर्न सकिने ।

१६.राष्ट्रिय अनुगमन समितिले गरेका काम कारवाहीहरु अभिलेखका रुपमा सुरक्षित राखिने ।

१७.यो समितिको कार्यक्षेत्र र अधिकारमा आवश्यकतानुसार दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

| ने.क.पा.(माओवादी)का तर्फबाट | नेपाल सरकारका तर्फबाट |
|---|---|
| संयोजक : कृष्णबहादुर महरा | संयोजक : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।३।१२ | मिति : २०६३।३।१२ |

# ५. शान्ति दस्तावेजहरु

## ५.१. नेपाल कम्प्युनिष्ट पार्टी (माओवादी) र सात राजनैतिक दल बीच भएको १२ बुँदे समझदारी पत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्र (Democracy) बीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ। विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ। त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरुको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ। देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसदभित्रका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच विभिन्न ढङ्गले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं ।

**समझदारी भएका बुँदाहरु**

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो । त्यसका निमित प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं । निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो

स्पष्ट धारणा छ। त्यसैले निरंकुश राजतन्त्र विरोधी सम्पूर्ण शक्तिहरुले निरंकुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ।

२. आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन्। आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा.(माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा सम्बाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ

स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्धारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिवद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्य पछि हुने संविधान सभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएकोछ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार, कानूनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्य मान्यता प्रति ने.क.पा.(माओवादी) ले आफ्नो प्रतिवद्धता प्रष्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरु अघि बढाउने प्रतिवद्धता व्यक्त गरेको छ ।

५. ने.क.पा. (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने,

उनीहरुको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरुलाई निर्वाध ढङ्गले राजनैतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती कमजोरीहरुको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन ने.क.पा. (माओवादी) ले प्रतिवद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरुले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरी प्रति आत्मसमीक्षा गर्दै अव त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिवद्धता व्यक्त भएको छ ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्य मान्यताहरुलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिवद्धता गरिएको छ ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढङ्गले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आव्हान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरु नै

राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरु पूर्णरुपले प्रतिवद्ध छौं । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरुसंग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरु खासगरी भारत र चीनसंग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरुले मण्डले राष्ट्रबादको हौवा खडा गर्ने र राजनीतिक दलहरुको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरु र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्र  विरोधी लोकतान्त्रिक आन्दोलनलाई हर तरहले साथदिन अपिल गर्दछौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा सञ्चालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघ-संगठनहरु सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजिवीहरु र आम नेपाली जनसमुदायमा हार्दिक आव्हान गर्दछौं ।

१२. विगतमा दलहरुबीच भएका अनुपयुक्त व्यवहारको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानविनको माग गरेका घटनाहरुको सम्बन्धमा छानविन गर्ने र दोषी पाइएमा दोषीलाई कारवाही गरी सार्वजनिक रुपमा जानकारी गराउने साझा प्रतिवद्धता व्यक्त भएको छ। अब उप्रान्त दलहरुबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर सम्बादको माध्यमबाट समस्याहरुको समाधान गर्ने समझदारी भएको छ।

***मिति : २०६२ मंसिर ७ गते***

## ५.२.सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको दोस्रो समभ्रुदारी पत्र

नेपालमा निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाका निम्ति आन्दोलन गरिरहेका सात राजनीतिक दलहरु र ने.क.पा. (माओवादी) बीच गत २०६२ मंसिर ७ गते लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन र राष्ट्रिय स्वाधिनताका ऐतिहासिक १२ बुँदे समभ्रुदारी कायम भएको कुरा सर्वविदितै छ । सो १२ बुँदे समभ्रुदारीपछि देशमा तीब्र बनेको देशव्यापी आन्दोलनको लहर र त्यसको परिणाम स्वरुप निरंकुश सत्ताद्वारा प्रायोजित गत माघ २६ गतेको नगरपालिकाको कथित निर्वाचन पूर्णरुपले असफल भएबाट सो समभ्रुदारी आम जनसमुदायबाट अनुमोदित भैसकेको कुरामा कुनै शंका रहन्न । साथै सो समभ्रुदारीप्रति अन्तराष्ट्रिय समुदायबाट समेत व्यक्त व्यापक समर्थनले त्यो नै देशमा जारी द्वन्द्वको समाधानको वास्तविक आधारशीला हो भन्ने स्पष्ट हुन्छ । यो स्थितिमा यो समभ्रुदारीको सबै पक्षबाट दृढतापूर्वक कार्यान्वयन गर्नका निम्ति पुनः दृढ प्रतिवद्धता व्यक्त गर्दछौं ।

यहाँ हामी पुनः स्मरण गराउन चाहन्छौं कि "आन्दोलनको शक्तिले संसद्को पुनर्स्थापना गर्न र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसंग वार्ता र सहमतिका आधारमा संविधान सभाको निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने

कुरामा आन्दोलनरत सात राजनीतिक दलहरु पूर्ण प्रतिवद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरुको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधान सभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने ने.क.पा. (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।"

उक्त प्रक्रियागत आधारमा हुने संविधान सभाको निर्वाचन मार्फत देशको सार्वभौमसत्ता र राजकीय अधिकार पूर्णरुपले जनतामा रहने गरी पूर्ण लोकतन्त्रको स्थापना गर्नको निमित्त चालु शान्तिपूर्ण आन्दोलनको कार्यक्रमहरुमा सक्रिय रुपले सहभागी भएर सफल पार्न हामी सम्पूर्ण लोकतान्त्रिक राजनीतिक शक्तिहरु, नागरिक समाज, पेशागत समूह, जनवर्गीय संगठनहरु, उत्पीडित जाति र क्षेत्रका जनता, सञ्चारकर्मीहरु र आम जनसमुदायमा हार्दिक अपील गर्दछौं ।

त्यसरी नै नेपालमा निरंकुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत दश वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासद्वारा हल गरेर देशमा

शान्ति बहाली गर्ने राजनीतिक दलहरुको यो पहललाई हरतरहले साथ दिएर सहयोग गर्न हामी अन्तर्राष्ट्रिय समुदायलाई पनि विशेष अपील गर्दछौं ।

............................ ..........................

(गिरिजाप्रसाद कोइराला) (अमृतकुमार बोहरा)

सभापति का.वा. सभापति

नेपाली कांग्रेस ने.क.पा. (एमाले)

........................ ...............................

(शेरबहादुर देउवा) (लिलामणी पोखरेल)

सभापति अध्यक्ष

नेपाली कांग्रेस (प्रजातान्त्रिक) जनमोर्चा नेपाल

.................... ............................

(नारायणमान विजुक्छे) (राजेन्द्र महतो)

अध्यक्ष महामन्त्री

नेपाल मजदूर किसान पार्टी नेपाल सद्भावना पार्टी

........................

(नन्दकुमार प्रसाई)

अध्यक्ष

संयुक्त बाममोर्चा

## ५.३. श्री ५ ज्ञानेन्द्रको वैशाख ११, २०६३ को सम्बोधन

प्यारा देशबासीहरु,

नेपाल अधिराज्यको राज्यशक्तिको स्रोत नेपाली जनता नै भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयंगम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरुको समाधान गर्न तत्कालीन प्रधानमन्त्रीको सिफारिशमा नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम २०५९ साल जेठ ८ गते विघटन भएको प्रतिनिधि सभालाई यसै घोषणामार्फत पुनर्स्थापित गरिबक्सेका छौं। बहुदलीय प्रजातन्त्रको रक्षा, स्थायी शान्ति, राष्ट्रिय एकता एवम् समृद्धिको बाटोतर्फ मुलुकलाई अघि बढाउने जिम्मेवारी बहन गर्न हामी आन्दोलनरत सात राजनीतिक दलहरुलाई आह्वान गर्दछौं । पुनर्स्थापित प्रतिनिधि सभाको बैठक २०६३ साल बैशाख १५ गते शुक्रबार दिनको १ बजे संसदभवन, सिंहदरबारमा बस्ने गरी आह्वान गरिबक्सेका छौं ।

नेपाल र नेपालीको बृहत्तर हित यो संसदबाट हुनेछ भन्ने हामीलाई विश्वास छ । जनआन्दोलनमा जीवन गुमाएकाप्रति समवेदना र घाइते एवम् आहत भएका सबैप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै मुलुक दिगो शान्ति, प्रगति, पूर्ण प्रजातन्त्र र राष्ट्रिय एकतातर्फ अभिमुख हुने विश्वास प्रकट गर्दछौं ।

*श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।*

*जय नेपाल*

## ५.४. २०६३ जेठ ४ गते भएको प्रतिनिधि सभाको घोषणा, २०६३

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन-उत्सर्ग र सहभागिता प्रति उच्च सम्मान गर्दै,

स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई स्थापित गर्ने उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै,

शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सातदल - नेकपा (माओवादी) बीचको बाह्रबुँदे समझदारी अनुरुप नेपाली जनताले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुनर्संरचना सहित समावेशी राज्यव्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेशलाई पूरा गर्ने संकल्प गर्दै,

मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवं राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै,

“राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवं राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत् अभिव्यक्त भएको जनभावना एवं आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याहरुको समाधान गर्न” २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकार सम्पन्न रहेको स्वीकार गरिएको,

२०४६ सालको जनआन्दोलनका उपलब्धिहरुलाई रक्षा गर्दै वर्तमान जनआन्दोलनका उपलब्धिहरुलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्ण अधिकारहरु प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ, र राज्यशक्ति यही प्रतिनिधिसभा मार्फत् प्रयोग हुने भएकोले देहायको घोषणा गर्दछ -

**१. व्यवस्थापिकाका सम्बन्धमा**

१.१ नेपालको व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिनेछ। कानून निर्माण गर्ने प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरेबमोजिम हुनेछ।

१.२ संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकता अनुसार निर्धारण गर्नेछ।

१.३ प्रतिनिधिसभाको अधिवेशनको आह्वान र अन्त्य देहाय

बमोजिम हुनेछ -

(क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान र प्रधानमन्त्रीको सिफारिशमा सभामुखबाट अधिवेशनको समापन गरिनेछ ।

(ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रनिनिधिसभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यहरुले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ ।

१.४ प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली बनाई लागू गर्नेछ ।

## २. कार्यकारिणीका सम्बन्धमा

२.१ नेपाल राज्यको सम्पूर्ण कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहनेछ । "श्री ५ को सरकार" लाई अब उप्रान्त "नेपाल सरकार" भनिनेछ ।

२.२ प्रतिनिधिसभा सदस्य नरहेका व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन् ।

२.३ मन्त्रिपरिषद् प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछ । मन्त्रिपरिषद् र मन्त्रीहरु सामूहिक रुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी रहनेछन् । प्रशासन, सेना, प्रहरी लगायत सम्पूर्ण कार्यकारी अंगहरु प्रतिनिधिसभाप्रति उत्तरदायी सरकारको मातहतमा रहनेछन् ।

२.४ सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित गरी प्रतिनिधिसभामा प्रस्तुत गरिनेछ ।

**३. सेनाका सम्बन्धमा**

३.१ "शाही नेपाली सेना" को नाम परिवर्तन गरी "नेपाली सेना" रहनेछ ।

३.२ राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ । नेपाली सेनाको नियन्त्रण, प्रयोग र परिचालन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय सुरक्षा परिषद् रहनेछ ।

३.३ नेपाली सेनाको प्रधान सेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्नेछ ।

३.४ सेनाको परमाधिपति सम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ ।

३.५ सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३० (तीस) दिनभित्र प्रतिनिधिसभाले तोकेको विशेष समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ ।

३.६ नेपाली सेनाको संगठन समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ ।

**४. राजपरिषद्का सम्बन्धमा**

राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ । त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरे बमोजिम हुनेछ ।

**५. राजदरवार सम्बन्धमा**

५.१ राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार प्रतिनिधिसभामा रहनेछ ।

५.२ श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ ।

५.३ श्री ५ को निजी सम्पत्ति र आयमाथि कानून बमोजिम कर लाग्नेछ ।

५.४ श्री ५ बाट भए गरेका कामहरुका वारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिनेछ ।

५.५ विद्यमान राजप्रासाद सेवालाई निजामती सेवाको अंग बनाइने छ ।

५.६ राजदरवारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरे बमोजिम हुनेछ ।

**६. मुलकमा रहेको नागरिकताको समस्यालाई शीघ्र समाधान गरिने छ ।**

**७. प्रचलनमा रहेको "राष्ट्रिय गान" लाई बैकल्पिक व्यवस्था गरी परिवर्तन गरिनेछ ।**

**८. नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।**

**९. विविध**

(क) राज्यका सवै अंग र निकायले यसै प्रतिनिधिसभाबाट अधिकार पाएको सम्झी यस प्रति निष्ठावान रही सवैले आ-आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ ।

(ख) तोकिएका सार्वजनिक पद धारण गर्ने पदाधिकारीहरुले प्रतिनिधिसभाबाट तोकिएको ढांचामा तोकिएको शपथ

लिनेछन् । शपथ लिन इन्कार गर्ने अधिकारी पदमुक्त हुनेछन् ।

(ग) यस घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान २०४७ र प्रचलित अन्य कानूनका व्यवस्थाहरु बाझिएको हदसम्म अमान्य हुनेछन् ।

(घ) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनैपनि बाधा अड्काउ प्रतिनिधिसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

(ङ) उपरोक्त खण्ड (ग) र (घ) को प्रयोजनका लागि प्रतिनिधिसभामा एक समिति रहने छ ।

## ५.५. नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३/२/१२ मा गोकर्णमा सहमती भएको युद्धविराम आचारसंहिता

**प्रस्तावना**

ऐतिहासिक जनआन्दोलन मार्फत पूर्ण लोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै;

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तराष्ट्रिय मानवीय कानून र मानव अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरुप्रति प्रतिवद्ध रहँदै,

सात राजनीतिक दल एवं ने.क.पा. माओवादीबीच भएको १२ बुँदे समझदारीलाई पूर्णरुपले पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दै;

प्रतिस्पर्धात्मक वहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै;

नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभाव विना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र ने.क.पा.माओवादीवीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावना अनुरुप देहायको आचारसंहिता जारी गरिएको छ :

**भयमुक्त नागरिक जीवनको सुनिश्चितता**

१. एक अर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने ।

२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।

३. एक अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन विछ्याउने वा एम्बुस थाप्ने जस्ता कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ति नगर्ने तथा सुराकी नगर्ने ।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने ।

५. हात हतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिको आधारमा आवश्यकता अनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

**जनतामा विश्वासको वातावरण निर्माण**

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनैतिक

क्रियाकलाप गर्दा दुवैपक्ष कम्ब्याट ड्रेसमा वा हात हतियार सहित उपस्थित नहुने ।

७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ संगठनका सदस्य र व्यक्तिहरुले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा सम्मेलन गर्ने र संगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको वाधा अवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दवाव नदिने ।

**जनताका आधारभूत सेवा र विकास निर्माण सम्बन्धमा**

८. युद्ध विराम अवधिभर बन्द वा चक्का जाम जस्ता कार्यक्रमहरु नगर्ने । तर शान्तिपूर्ण ढङ्गका सभा जुलुसहरु गर्न सकिने ।

९. जनताका आधारभूत सेवा र सुविधा निर्वाधरुपले संचालन हुन दिने ।

१०.जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडी बढाउने कुरामा कुनै वाधा व्यवधान नपुऱ्याउने।

११. खाद्यान्न, औषधि, विकास निर्माणका सामग्रीहरु तथा दैनिक उपभोगका वस्तुहरु ओसार-पोसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने ।

**शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरुको सुसञ्चालन**

१२. विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरु तथा औद्योगिक प्रतिष्ठानलाई सुचारुरुपले संचालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने ।

**सञ्चार माध्यमबाट शान्तिवार्तालाई सहयोग**

१३. युद्धविराम, आचारसंहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनैतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

१४.संचार माध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

**बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने**

१५.कसैको इच्छा विपरित चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

**रिहाई र पुनर्स्थापन**

१६.विभिन्न व्यक्तिहरुमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरुलाई रिहाई गर्दै जाने ।

१७.वेपत्ता नागरिकहरुको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

१८.विस्थापित भएका व्यक्तिहरुलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनर्स्थापित हुने कार्यमा सहयोग गर्ने ।

१९.द्वन्द्वको क्रममा राजनैतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

**वार्ता सहजीकरण**

२०.वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरुको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा व्यवधान नगर्ने ।

**अनुगमन**

२१. दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने ।

**विविध**

२२. आचारसंहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट समस्याको सामाधान गरिने ।

२३. प्रस्तावनाको भावना अनुरुप यो आचारसंहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न  सकिने ।

२४. यो आचारसंहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।

२५. आचारसंहितामा हस्ताक्षर भएपछि यो आचारसंहिता सार्वजनिक गर्ने ।

| | |
|---|---|
| नेकपा (माओवादी) का तर्फबाट | नेपाल सरकारका तर्फबाट |
| नाम : कृष्णबहादुर महरा | नाम :कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।२।१२ | मिति : २०६३।२।१२ |

## ५.६. नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच कोपुण्डोलमा सम्पन्न सहमति

नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच मिति २०६३ साल असार १ गते सम्पन्न दोश्रो वार्तामा निम्न लिखित निर्णय भएको छ :-

१. सात राजनीतिक दल र नेकपा माओवादीका शीर्ष नेताहरुको सहभागितामा नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच यथाशीघ्र वार्ताको आयोजना गरिनेछ ।

२. सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच भएको १२ बुँदे समझदारी र नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच मिति २०६३।२।१२ मा भएको युद्धविराम आचार संहिताको कार्यान्वयनको अनुगमन गर्न देहाय बमोजिमको युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति गठन गरिएको छ -

| | | |
|---|---|---|
| १. | संयोजक | डा. वीरेन्द्र प्रसाद मिश्र ❄ |
| २. | सदस्य | डा.अर्जुन कार्की |
| ३. | सदस्य | डा.ओम गुरुङ्ग |
| ४. | सदस्य | प्रा. कपिल श्रेष्ठ |
| ५. | सदस्य | डा.के.वि. रोकाया |
| ६. | सदस्य | केशव भट्टराई |

*❄यसअघि मिति २०६३/३/१ मा डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा उपरोक्त समिति गठन गरिएकोमा मिति २०६३/३/१२ को सहमति अनुसार डा. वीरेन्द्र प्रसाद मिश्रलाई संयोजक तोकिएको ।*

| | |
|---|---|
| ७. सदस्य | कृष्ण पहाडी |
| ८. सदस्य | गौरी प्रधान |
| ९. सदस्य | चण्डिराज ढकाल |
| १०.सदस्य | चरण प्रसाई |
| ११. सदस्य | तारानाथ दाहाल |
| १२. सदस्य | निलाम्बर आचार्य |
| १३. सदस्य | पद्मलाल वि.क. |
| १४. सदस्य | प्रा. डा. भूपति ढकाल |
| १५. सदस्य | मल्ल के. सुन्दर |
| १६. सदस्य | डा.महेश मास्के |
| १७. सदस्य | माधव वास्कोटा |
| १८. सदस्य | रमन श्रेष्ठ |
| १९. सदस्य | डा.राममान श्रेष्ठ |
| २०. सदस्य | वाङ्छे शेर्पा |
| २१. सदस्य | विष्णु निष्ठुरी |
| २२. सदस्य | विष्णु पुकार श्रेष्ठ |
| २३. सदस्य | शान्ता श्रेष्ठ |
| २४. सदस्य | श्याम श्रेष्ठ |
| २५. सदस्य | शिव गाउँले |
| २६. सदस्य | शुशिल प्याकुरेल |
| २७. सदस्य | ई.सरोज देवकोटा |
| २८. सदस्य | डा. सुधा शर्मा |
| २९. सदस्य | सुवोध प्याकुरेल |
| ३०. सदस्य | सुशिलचन्द्र अमात्य |

३. युद्धविराम आचारसंहिताको अनुगमन गर्न गठित राष्ट्रिय अनुगमन समितिलाई मानव अधिकार सम्वद्ध विषयहरुको अनुगमनमा सहयोग पुऱ्याउन तथा मानव अधिकारको अनुगमन गर्न संयुक्त राष्ट्र संघीय मानवाधिकार उच्चायुक्तको नेपाल स्थित कार्यालयलाई अनुरोध गर्ने ।

४. सरकार माओवादीबीच सम्पन्न हुने वार्तामा निम्न महानुभावहरु पर्यवेक्षकको रुपमा रहनु हुनेछ -

   १. लक्ष्मण प्रसाद अर्याल
   २. देवेन्द्रराज पाण्डे
   ३. पद्मरत्न तुलाधर
   ४. दमननाथ ढुङ्गाना
   ५. मथुराप्रसाद श्रेष्ठ

| **नेकपा माओवादीका तर्फबाट** | **नेपाल सरकारका तर्फबाट** |
|---|---|
| संयोजक : कृष्णबहादुर महरा | संयोजक : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २०६३।३।१ | मिति : २०६३।३।१ |

## ५.७. नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न तेस्रो वार्ताको सहमति

नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच निम्नलिखित सहमति भएको छ :-

२०४६ सालको जनआन्दोलनबाट जनताले प्राप्त गरेका जनअधिकार, सात राजनीतिक दल र ने.क.पा.(माओवादी) बीच सम्पन्न १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र अहिलेको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरु सुनिश्चित गर्दै मिति २०६३।२।१२ मा नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच सहमति भएको आचारसंहिताको प्रस्तावनाको भावना अनुरुप अन्तरिम संविधानको मस्यौदा तयार गर्न निम्न प्रकार अन्तरिम संविधान मस्यौदा समिति गठन गरिएको छ -

| | | |
|---|---|---|
| १. | संयोजक | लक्ष्मणप्रसाद अर्याल |
| २. | सदस्य | हरिहर दाहाल |
| ३. | सदस्य | सिन्धुनाथ प्याकुरेल |
| ४. | सदस्य | शम्भु थापा |
| ५. | सदस्य | महादेव यादव |
| ६. | सदस्य | खिमलाल देवकोटा |

समितिले १५ दिनभित्र मस्यौदा तयार गरी सरकार-माओवादी

वार्ताटोली समक्ष प्रस्तुत गर्नेछ र वार्ता टोलीले सरकार-माओवादी शिखर वार्ताको निर्देशानुसार सरकार-माओवादी शिखर वार्तामा मस्यौदा पेश गरिनेछ ।

| **नेकपा माओवादीका तर्फबाट** | **नेपाल सरकारका तर्फबाट** |
|---|---|
| संयोजक : कृष्णबहादुर महरा | संयोजक : कृष्णप्रसाद सिटौला |
| हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : २।३।२०६३ | मिति : २।३।२०६३ |

## ५.८. शीर्ष नेताहरुको ८ बुँदे सहमति (प्रेश वक्तव्य)

आज मिति २०६३।०३।०२ का दिन सरकार-माओवादी वार्ता टोलीको आयोजनामा सात राजनीतिक दल र नेकपा (माओवादी) का शीर्ष नेताहरुको बैठक प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न भएको छ । बैठकमा सहमति भएका बुँदाहरु निम्नप्रकार छन्-

१. २०६२ मंसिर ७ गते सात राजनीतिक दल एवं नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी र २०६३ जेठ १२ गते सरकार-माओवादी वार्ता टोलीले सार्वजनिक गरेको नेपाल सरकार र नेकपा (माओवादी) बीच सहमति भएको युद्धविराम आचारसंहितालाई दृढता र इमान्दारीताका साथ

कार्यान्वयन गर्ने ।

२. प्रतिश्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिवद्धता व्यक्त गर्दै तदनुरुप शान्तिपूर्ण ढङ्गले आ-आफ्ना गतिविधि सञ्चालन गर्ने ।

३. संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्र संघलाई अनुरोध गर्ने ।

४. २०४६ सालको जनआन्दोलन र हालैको ऐतिहासिक आन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरुको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचारसंहिताको प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरुप अन्तरिम सरकार गठन गर्ने, संविधान सभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने र नेकपा (माओवादी) द्वारा गठित जनसरकारहरु विघटन गर्ने ।

५. दूरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरुमा सहमतिका आधारमा निर्णय लिने ।

६. नेपाली जनताले संविधान सभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभाव विना नै संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने । निर्वाचनमा आवश्यकता अनुसार अन्तराष्ट्रिय पर्यवेक्षण तथा

अनुगमन गराउने ।

७. संविधान सभाको निर्वाचनमार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरुको समाधान गर्ने गरी राज्यको अग्रगामी पुर्नसंरचना गर्ने । लोकतन्त्र, शान्ति, संमृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने र वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्ने ।

८. सरकार-माओवादी वार्ता टोलीलाई माथि उल्लेखित विषयहरुसंग सम्बन्धित सबै कार्यहरु अविलम्व सम्पन्न गर्न निर्देशन गरिएको छ ।

**नेकपा(माओवादी)को तर्फबाट**

प्रचण्ड
अध्यक्ष
नेकपा (माओवादी)

**सात राजनीतिक दलको तर्फबाट**

श्री गिरिजाप्रसाद कोइराला
प्रधानमन्त्री तथा सभापति
नेपाली कांग्रेस

श्री माधव कुमार नेपाल
महासचिव
नेकपा (एमाले)

श्री शेर बहादुर देउवा
सभापति
नेपाली कांग्रेस (प्रजातान्त्रिक)

श्री अमिक शेरचन
उप-प्रधानमन्त्री तथा

अध्यक्ष जनमोर्चा नेपाल

श्री नारायणमान विजुक्छे

अध्यक्ष

नेपाल मजदूर किसान पार्टी

श्री भरत विमल यादल

उपाध्यक्ष

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

श्री प्रभुनारायण चौधरी

मन्त्री तथा अध्यक्ष

बाममोर्चा नेपाल

(मिति : २०६३।०३।०२ गते।)

# ६. युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३

**१.नाम :** युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३ ।

**२.लागू हुने मिति :** समितिको बैठकले पारित गरी वार्ता टोलीबाट अनुमोदन भएको मितिदेखि लागू हुनेछ ।

**३.परिभाषा :**

(क) "समिति" भन्नाले युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिलाई बुझाउनेछ ।

(ख) "वार्ताटोली" भन्नाले नेपाल सरकार र ने.क.पा.(माओवादी) को वार्ताटोलीलाई जनाउनेछ ।

(ग) "संयोजक" भन्नाले समितिको संयोजकलाई जनाउनेछ ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्यलाई जनाउनेछ ।

(ङ) "आचारसंहिता" भन्नाले नेपाल सरकार र ने.क.पा.(माओवादी) बीच २०६३।२।१२ मा सहमति भई निर्माण गरिएको २५ बुँदे युद्धविराम आचारसंहितालाई जनाउनेछ ।

(च) "कार्यविधि" भन्नाले युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको कार्यविधि, २०६३ लाई जनाउनेछ ।

(छ) "कार्यालय" भन्नाले समितिको केन्द्रीय कार्यालय वा अन्य कार्यालय समेतलाई जनाउनेछ ।

(ज) "संयुक्त समिति" भन्नाले वार्ताटोलीले गठन गर्ने संयुक्त समितिलाई जनाउनेछ ।

(झ)“उपसमिति” भन्नाले समितिले आवश्यकतानुसार गठन गरेको उपसमितिलाई जनाउनेछ ।

(ञ) “सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोली” भन्नाले निश्चित घटना, विषय वा क्षेत्रको लागि आवश्यकतानुसार समितिले निर्माण वा गठन गरेको सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोलीलाई जनाउनेछ ।

(ट) “शान्ति प्रकृया” भन्नाले नेपाल सरकार र २०६२/०६३ को जनआन्दोलनमा सहभागी सात दल तथा ने.क.पा.माओवादी बीचको संवाद, समझदारी, सहमति र सम्झौता अनुसार नेपालमा २०५२ सालदेखिको हिंसात्मक विद्रोह र नेपाली समाजमा विद्यमान द्वन्दहरुलाई शान्तिपूर्ण रुपान्तरणका लागि अन्तर्राष्ट्रिय शान्ति प्रकृया सम्बन्धी सिद्धान्तहरु अनुसार गरिने सम्पूर्ण कार्यहरुलाई बुझाउनेछ ।

४. **क्षेत्राधिकार :** समितिको क्षेत्राधिकार वार्तोटोलीद्वारा मिति २०६३।३।१२ मा तोकिएको १७ बुँदे कार्यक्षेत्र र अधिकार बमोजिम हुनेछ ।

## ५. समितिको बैठक :

(क) समितिको बैठक संयोजकले बोलाउनेछन् ।

(ख) समितिको बैठक सामान्यतया महिनाको दुई पटक बस्नेछ ।

(ग) बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा निजले तोकेको सदस्यले गर्नेछन्, कसैलाई नतोकिएको अवस्थामा समितिका सदस्यहरु मध्येबाट वर्णानुक्रमानुसार गर्नेछन् ।

(घ) समितिको बैठक ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित

भएपछि गणपूरक संख्या मानिनेछ, गणपूरक संख्या नपुगी दोश्रो पटक बोलाईएको बैठकमा उपस्थित संख्यालाई नै गणपूरक संख्या मानिनेछ ।

६. **बैठकको निर्णय :**

(क) समितिको बैठकले निर्णय गर्दा यथासम्भव सर्वसम्मतीबाट गरिनेछ ।

(ख) बैठकको निर्णय प्रमाणित गर्ने र सम्बन्धित निकायमा पठाउने दायित्व संयोजकको हुनेछ ।

७. **कार्यालय :** समितिको केन्द्रीय कार्यालय काठमाडौं उपत्यका भित्र रहनेछ। नेपाल सरहदभित्र अन्यत्र पनि आवश्यकतानुसार कार्यालय स्थापना गर्न सकिनेछ ।

८. **उपसमिति :** समितिले आफ्नो कार्य सहज ढङ्गले संचालन गर्न आवश्यकतानुसार विषयगत, क्षेत्रगत तथा अन्य उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

९. **सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोली :** कुनै घटना, विषय वा क्षेत्रको लागि आवश्यकतानुसार समितिको सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोली स्थापना तथा गठन गरी खटाउन सकिनेछ ।

१०. **संयोजकको दायित्व :**

(क) समितिको नेतृत्व लिई आवश्यक काम कारबाहीको संयोजन गर्ने र निर्देशन दिने,

(ख) समितिको प्रतिनिधित्व गर्ने गराउने,

(ग) कार्यालय संचालन गर्ने गराउने,

(घ) समितिको कार्य संचालनको क्रममा कुनै सदस्यको सहयोग

लिनु परेमा सदस्यलाई जिम्मेवारी तोक्ने,

(ङ) समितिको बैठकको लागि छलफलको बिषय सूची तय गर्ने,

(च) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

**११. समितिका सदस्यले पालना गर्नु पर्ने आधारभूत दायित्वहरु :**

(क) स्वतन्त्र तथा निष्पक्ष रहने,

(ख) आचारसंहिता तथा क्षेत्राधिकार प्रति सचेत र प्रतिबद्ध रहने,

(ग) शान्ति प्रक्रियालाई सहज र गतिशील बनाउन सम्बद्ध पक्ष बीच आपसी विश्वास र सद्भाव अभिबृद्धि गराउन प्रयत्नशील रहने,

(घ) तोकिएको जिम्मेवारी पूरा गर्ने,

(ङ) शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने अभिव्यक्ति दिन तथा त्यस्तो कृयाकलापमा संलग्न हुन नहुने,

(च) समितिको काम कारबाहीको सिलसिलामा गोपनियता र सहचारिता अवलम्बन गर्नुपर्ने,

(छ) समितिको सदस्यको हैसियतले कार्यसम्पादन गर्दा तथा अभिव्यक्ति दिँदा १७ बुँदे कार्यक्षेत्र र अधिकार पालना गर्ने, तर पेशागत वा आस्थाको आधारमा क्रियाशिल रहँदा वा अभिव्यक्ति दिँदा यस खण्डले बन्देज लगाएको मानिनेछैन।

**१२. सूचना तथा तथ्यको संकलन :** समितिले निम्न माध्यमहरुबाट सूचना तथा तथ्यको संकलन गर्नेछ :

(क) सर्वसाधारणबाट सूचना तथा तथ्यको संकलन गर्ने,

(ख) घटनाको तथ्य सूचना संकलन गर्न सम्पर्क निकाय, सहयोग तथा अनुगमन टोली खटाउने,

(ग) विभिन्न संचार माध्यमहरुबाट सूचना तथा तथ्यको संकलन गर्ने,

(घ) कार्यालयको माध्यमबाट सूचना तथा तथ्यको संकलन गर्ने,

(ङ) समितिका सदस्यहरुको माध्यमबाट सूचना तथा तथ्यको संकलन गर्ने,

(च) विभिन्न संघ संस्था, नागरिक समाजबाट सूचना तथा तथ्यको संकलन गर्ने,

(छ) सम्बद्ध पक्षहरुबाट घटना विशेषको अनुसन्धान तथा अनुगमन गर्न माग भएमा अनुसन्धान तथा अनुगमन गर्ने ।

**१३.प्रतिवेदन :**

(क) समितिले विभिन्न श्रोतबाट प्राप्त तथ्य तथा सूचनाको स्वतन्त्र, निष्पक्ष र वस्तुगत रुपले अध्ययन, अनुसन्धान, विश्लेषण गरी प्रतिवेदन तयार पार्नेछ ।

(ख) खण्ड (क) बमोजिमको प्रतिवेदन सिफारिश सहित वार्तोटोली वा संयुक्त समितिलाई बुझाउनेछ ।

(ग) प्रतिवेदन सामान्यतया सार्वजनिक गरिनेछ ।

(घ) समिति प्रतिवेदनलाई कार्यान्वयन गर्न क्रियाशिल रहनेछ ।

(ङ) पाक्षिक रुपमा नियमित अनुगमन प्रतिवेदन सम्बद्ध निकायमा प्रस्तुत गरिनेछ ।

**१४.आर्थिक व्यवस्थापन र संचालन :**

समितिको लागि आवश्यक आर्थिक श्रोतको व्यवस्था नेपाल सरकारले गरे बमोजिम हुनेछ ।

**१५.कर्मचारी व्यवस्थापन :**

समितिलाई आवश्यक कर्मचारीको व्यवस्था नेपाल सरकारले गरे बमोजिम हुनेछ ।

**१६.समितिको छाप र लेटरप्याड :** समितिको छाप तथा लेटरप्याडका नमूनाहरु अनुसूचि-१ मा राखिएको छ ।

**१७.संशोधन :** यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्नु परेमा समितिले निर्णय गरी आवश्यक संशोधन गर्न सक्नेछ । उक्त संशोधन वार्ता टोलीले अनुमोदन गरेपछि लागू हुनेछ ।

**अनुसूचि - १**

**नेपाली लेटरप्याडको नमूना**

## युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति

**बबरमहल, काठमाडौं**
**नेपाल ।**
फोन नं.: ४२१६८२३

प.सं. :-

च.नं. :-

**अंग्रेजी लेटप्याडको नमूना**

## National Monitoring Committee on Code of Conduct for Ceasefire

**(NMCC)**

**Babarmahal, Kathmandu**
**Nepal.**

Date:……………………………

*Ref No.:*

**नेपाली छापको नमूना :**

**युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति**
**२०६३**
**बबरमहल, काठमाडौं,**

**अंग्रेजी छापको नमूना :**

**National Monitoring Committee on Code of Conduct for Ceasefire**
**2063**
**Babarmahal, Kathmandu**

## ७.सूचना तथा गुनासो लेख्ने ढाँचा

सूचना तथा गुनासो गर्ने व्यक्तिको

नाम : बर्ष : टेलिफोन नं.

ठेगाना :

स्थायी :

अस्थायी :

सूचना तथा गुनासोको विषय :

पीडितको विवरण :

नाम : बर्ष : टेलिफोन नं.

ठेगाना :

स्थायी :

अस्थायी :

घटनाको स्थान :

घटनाको विवरण :

घटनासँग सम्बन्धित प्रमाणहरु भए :

१.

२.

अन्य कुनै निकायमा जानकारी वा उजुरी दिएको भए उल्लेख गर्नेः

निकायको नाम (हरु) :

मिति :

समस्या समाधानको प्रयास भयो कि भएन ? भएको भए के के प्रयास भए उल्लेख गर्ने :

तपाईको समस्यामा कुन कुरा/बुँदा उल्लंघन भए जस्तो लाग्छ खुलाई दिने :

(क) नेपाल सरकार र ने.क.पा.(माओवादी) वीच २०६३।२।१२ गते सहमति भै निर्माण भएको युद्धविराम आचारसंहिता ।

(ख) सात राजनीतिक दल र ने.क.पा.(माओवादी) वीच २०६२।८।७ गते सम्पन्न १२ बुँदे समझदारी ।

(ग) सात राजनीतिक दल र ने.क.पा.(माओवादी) वीच २०६३।३।२ गते सम्पन्न ८ बुँदे सहमति ।

सूचना तथा गुनासो गर्ने व्यक्तिको

सहीछाप :

नाम :

मिति :

*पुनश्च : सूचना वा गुनासो दिँदा कुनै टिकट वा दस्तुर लाग्ने छैन ।*

## ८.समितिका संयोजक एवं सदस्यहरु

*सरकार - माओवादीवीच २०६३ असार १ गते भएको सहमतिमा उल्लेख भएका सदस्यहरुमा पछि केही फेरबदल भई हाल देहाय बमोजिमको समिति रहेकोछ ।*



नाम : प्रा.डा. वीरेन्द्र प्रसाद मिश्र

पद : संयोजक

कार्यालय फोन :०१-४२१६८२३

E-mail : mishra_bp@yahoo.com



नाम : डा. ओम गुरुङ्ग

पद : सदस्य

कार्यालय फोन :०१-४२१६८२३,

E-mail : omgurung@hotmail.com



नाम : प्रा. कपिल श्रेष्ठ

पद : सदस्य

कार्यालय फोन :०१-४२१६८२३

E-mail : y2k_cyber_cafe@yahoo.com



नाम : डा. के.वि. रोकाया

पद : सदस्य

कार्यालय फोन :०१-५५२३१२८,

E-mail : cepjar2005@yahoo.com



नाम : श्री केशव प्रसाद भट्टराई

पद : सदस्य

कार्यालय फोन : ०१-२०७१२४९

E-mail : kpbnepal@yahoo.com



नाम : श्री चण्डीराज ढकाल

पद : सदस्य

कार्यालय फोन : ०१-४२१६८२३

E-mail : momento@apparel.wlink.com.np



नाम : श्री चरण प्रसाई

पद : सदस्य

कार्यालय फोन : ०१-४२६९९४८

E-mail : cprasai@wlink.com.np



नाम : श्री तारानाथ दाहाल

पद : सदस्य

कार्यालय फोन : ०१-४२५६५६३

E-mail : tndahal@yahoo.com



नाम : श्री पद्मलाल विश्वकर्मा

पद : सदस्य

कार्यालय फोन : ०१-४२४३७७५,

E-mail : plbk@wlink.com.np



नाम : प्रा.डा. भूपति ढकाल "कमल"

पद : सदस्य

कार्यालय फोन : ०१-४२४५७९८



नाम : श्री मल्ल के. सुन्दर

पद : सदस्य

कार्यालय फोन : ०१-४२१६८२३,

E-mail : nepress@hotmail.com



नाम : श्री माधव बाँस्कोटा

पद : सदस्य

कार्यालय फोन : ०१-४२४५६४७

E-mail : neba@wlink.com.np



नाम : श्री रमनकुमार श्रेष्ठ

पद : सदस्य

कार्यालय फोन :०१-४२१६८२३



नाम : प्रा.राम मान श्रेष्ठ

पद : सदस्य

कार्यालय फोन :०१-४२१६८२३

E-mail : rms916@hotmail.com



नाम : श्री वाङ्छे शेर्पा

पद : सदस्य

कार्यालय फोन :०१-६२१३४३४



नाम :श्री विष्णु निष्ठुरी

पद : सदस्य

कार्यालय फोन :०१-४२१६८२३

E-mail : bishnuilam@yahoo.com



नाम : श्री बिष्णुपुकार श्रेष्ठ

पद : सदस्य

कार्यालय फोन :०१-४२४६१२५

E-mail : himal2005@gmail.com



नाम : श्री शान्ता श्रेष्ठ

पद : सदस्य

कार्यालय फोन :०१-४२१६८२३



नाम : श्री शिव गाउँले

पद : सदस्य

कार्यालय फोन :०१-४२१६८२३

E-mail : shiva@himalmedia.com



नाम : श्री शुशील प्याकुरेल

पद : सदस्य

कार्यालय फोन :०१-४२१६८२३

E-mail : sushil52@gmail.com



नाम : ई. श्री सरोज देवकोटा

पद : सदस्य

कार्यालय फोन : ०१-४२१६८२३

E-mail : info@neanepal.org



नाम : डा. सुधा शर्मा

पद : सदस्य

कार्यालय फोन : ०१-४२२५८६०

E-mail : sudha@healthnet.org.np



नाम : श्री सुबोध प्याकुरेल

पद : सदस्य

कार्यालय फोन : ०१-४२७८७७०

E-mail : subodh.freenep@gmail.com



नाम : श्री सुशिलचन्द्र अमात्य

पद : सदस्य

कार्यालय फोन : ०१-४२१६८२३

E-mail : amatya567@yahoo.com

---

*(डा. अर्जुन कार्की, श्री कृष्ण पहाडी, श्री गौरी प्रधान, श्री निलाम्बर आचार्य, डा. महेश मास्के र श्री श्याम श्रेष्ठ स्वेच्छाले समितिमा सहभागी नहुनु भएको)*

---

## *सरोकारवालाहरुलाई अनुरोध*

*युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिको स्थापना नेपाल सरकार र नेकपा मओवादीबीच भएको सहमति अनुसार शान्ति प्रक्रियाको सर्न्दभमा गरिएका १२ बुँदे समभ्रुदारी र ८ बुँदे सहमति तथा २५ बुँदे आचारसंहिता सम्भ्रौताको अनुगमन गर्न गठन भएको हो । यस समितिको केन्द्रीय कार्यालय काठमाडौंको बबरमहल (पहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग बसेको भवन) मा स्थापना भई कार्यरत रहेको छ ।*

*यसै सन्दर्भमा शान्ति प्रक्रियामा प्रतिकूल प्रभाव पार्ने गरी २५ बुँदे आचारसंहिता विपरित वा १२ बुँदे समभ्रुदारी र ८ बुँदे सहमति विपरित कुनै व्यवहार वा घटना भएको पाइएमा आवश्यक अनुसन्धान र छानविनको लागि यस समितिको कार्यालयमा पत्र, टेलिफोन, फ्याक्स, इमेल मार्फत वा व्यक्ति स्वयं उपस्थित भई सूचना एवं जानकारी दिएर सहयोग गरिदिनुहुन सम्बद्ध पक्ष एवं सर्वसाधरण सबैमा यस युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति हार्दिक अनुरोध गर्दछ ।*

**युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति**
**बबरमहल, काठमाडौं**

**National Monitoring Committee on Code of Conduct for Ceasefire (NMCC)**

**फेन नं.** ४२१६८२३, ४२१६८२६, ४२१६८२८
**फ्याक्स** : ४२१६८२४
**इमेल** : info@nmcc.org.np
**वेभ** : www.nmcc.org.np